# विकासको ढोका खोल्ने चाबी

# सामुदायिक विद्युतीकरण कार्यक्रम

**दक्षिण ललितपुरका दुर्गम गाउँहरूमा बिजुलीको उज्यालो पुर्‍याउने लक्ष्यका साथ करीब डेढ दशक अघि जन्मिएको 'ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था'– सामुदायिक विद्युतीकरण कार्यक्रममार्फत यस क्षेत्रकै समग्र विकासको संवाहक बन्न पुगेको छ।**

राजधानी उपत्यकासँगै जोडिएको भएर पनि ललितपुर जिल्लाको दक्षिणी भेगका अधिकांश गाविस हरेक हिसाबले पछाडि परेका छन्। जसले गर्दा कतिपय मानिसहरू यो क्षेत्रलाई काठमाडौं छेउको 'कर्णाली' पनि भन्ने गर्छन्। एक दशक अघिसम्म यो क्षेत्रमा बिजुली भन्ने कुरा आकाशको फलजस्तो थियो। जबकि देशमै सबैभन्दा पहिले १०० वर्षअघि बिजुली बत्ती ललितपुरकै बुङमतीमा बलेको थियो। दक्षिणी ललितपुरको यो अवस्थाप्रति राज्यबाट कुनै चासो नदेखाइएपछि स्थानीय उपभोक्ता आफैं जागरुक हुँदाको परिणाम हो, ढिलै भए पनि यो क्षेत्रमा बिजुली विस्तार भएको।



श्याम सापकोटा

भारदेउमा बिजुलीको पोल गाडिँदै।

अन्यत्र बिजुलीको लाइन पुगेको ठाउँमा तीव्र विकास भएको देखेर नै यहाँका बासिन्दाले सहकारी संस्थामार्फत विद्युत् प्राधिकरण र सरकारको समेत संलग्नतामा ग्रामीण विद्युतीकरण कार्यक्रम अघि बढाएका हुन्। यो प्रयासमा यस क्षेत्रका सबै गाउँले सहयोगी भएका छन्। सहकारीका संस्थापक अध्यक्ष डिल्ली घिमिरे भन्छन्, "स्थानीयको उत्साहपूर्ण सहभागिताले हामीलाई काम गर्न थप हौसला मिलेको थियो।" घिमिरेको भनाइमा स्थानीयवासी मात्र नभई गाविस, जिविस जस्ता सरकारी निकायको पनि ग्रामीण विद्युतीकरणको यो अभियानमा प्रत्यक्ष सहयोग मिलेको छ।

२०५४ सालदेखि अनौपचारिक काम गर्दै आएको ग्रामीण विद्युत् सहकारी संस्था २०५७ मा आएर मात्र दर्ता भएको थियो। दर्ता भएपछि सहकारीको नीतिनियम बनाउन तथा स्रोत व्यवस्थापन र ग्रामीण विद्युतीकरणका लागि आवश्यक संरचना तयार गर्दैमा ६ वर्ष बितेको सम्झन्छन् संस्थापक अध्यक्ष घिमिरे। उनका अनुसार नेपाल विद्युत् प्राधिकरणले आवश्यक संरचना तयार भइसकेपछि सहकारीलाई थोकमा बिजुली दिने प्रतिबद्धता जनाएको थियो। तर प्राधिकरणले पूर्व प्रतिबद्धता विपरीत पछि आएर थोकमा बिजुली दिन नसकिने जवाफ दियो। सहकारीका सदस्यहरूले राष्ट्रिय योजना आयोग र ऊर्जा मन्त्रालयका अधिकारीलाई गाउँमै डाकेर त्यहाँ भएको प्रगति देखाएपछि उनीहरू प्रभावित भए र सहकारीलाई सहयोग गर्ने प्रतिबद्धता जनाए। त्यस अनुसार विद्युतीकरण कार्यको निम्ति आवश्यक पूँजी लागतमध्ये विद्युत् प्राधिकरणले ५० प्रतिशत लागत बेहोर्नुपर्ने थियो। उक्त सहमति अनुसार शुरूको वर्ष प्राधिकरणले रु.३५ लाख अनुदान उपलब्ध गरायो भने उपभोक्ताबाट रु.३८ लाख संकलन गरिएको थियो। त्यसमा गाविस र जिविसले पनि सहयोग थपे। सामुदायिक विद्युतीकरण कार्यक्रमका लागि पछिल्लो समय सरकारले ८० प्रतिशत सहयोग गर्न थालेको छ भने स्थानीयको योगदान जम्मा १० प्रतिशतमा झरेको छ।

२०६० सालदेखि विद्युत् प्राधिकरणसँग थोकमा विद्युत् किनेर उपभोक्तालाई दिँदै आएको सो सहकारीले अहिलेसम्म दक्षिण ललितपुरका दलचोकी, शंखु, चौघरे, गोटीखेललगायतका ४ हजार ६०० घरपरिवारलाई लाभान्वित तुल्याइसकेको छ। यो क्षेत्रका १८ वटा गाविसमा जम्मा ७ हजार घरधुरी रहेको सहकारीका संस्थापक



सविन घिमिरे

**विद्युत् प्रसारण तथा उपकरणलाई चट्याङबाट जोगाउन 'लाइटिङ एरेष्टर' जडान गरिँदै।**

अध्यक्षको कथन छ। अध्यक्ष घिमिरेका अनुसार तीमध्ये बिजुली नपुगेका परिवारको संख्या एक हजार ७०० छ। उनको भनाइमा चालू आर्थिक वर्षको अन्त्यसम्ममा थप ७०० घरमा बिजुली पुऱ्याउने सहकारीको योजना छ।

सरकारको सामुदायिक विद्युतीकरण कार्यक्रम अन्तर्गत २५७ वटा सहकारीमार्फत हाल देशमा ५३ जिल्लामा यस्तै कार्यक्रम संचालित छ। सो कार्यक्रममार्फत पाँच लाखभन्दा बढी परिवारले बिजुली बत्तीको सुविधा पाइसकेका छन्। पछिल्लो दशकमा नेपालको खासगरी ग्रामीण क्षेत्रको रूपान्तरणमा सामुदायिक विद्युतीकरण कार्यक्रमले पारेको प्रभावको अरू मुलुकले समेत सिको गर्न थालेका छन्।

## भविष्यको योजना

यो क्षेत्रका हरेक घरलाई सहकारीको सदस्य बनाउने योजना नभए पनि पछिल्लो समय सदस्य बनाउने अभियान अन्तर्गत हालसम्म १८ सय परिवार सदस्य भइसकेका छन्। सदस्य बनेपछि स्थानीयले अन्यखाले लाभ त पाएकै छन्, साथै साधारण उपभोक्ताले जसरी महसुल बुझाउन विद्युत् प्राधिकरणमा लाइन बस्नुपर्ने झन्झट छैन। मिटर रिडिङ गर्न जाने कर्मचारीले नै महसुल बुझ्ने र बिजुलीसम्बन्धी सानातिना समस्या आइपरेमा घरमै प्राविधिक सल्लाह दिने व्यवस्था पनि मिलाएको छ। यो कामका लागि सहकारीले गाउँकै १४ जना तालीमप्राप्त प्राविधिक परिचालन गरेको छ। गाउँघरमै रोजगारी पाउँदा उनीहरू पनि खुशी छन्। आउँदा दिनमा घरमै प्राविधिक ज्ञान विस्तार गर्ने सहकारीको योजना छ।

उपभोक्तालाई सस्तो ब्याजदरमा ऋण उपलब्ध गराएर उद्योग व्यवसाय प्रवर्द्धनमा पनि सहकारीले मद्दत गरेको छ। सहकारीमार्फत लघुवित्त सेवा मात्र होइन, व्यावसायिक सीप र क्षमता अभिवृद्धिका लागि आवश्यक प्राविधिक पक्षमा पनि काम गरेको छ। यी कार्यक्रममध्ये सुधारिएको चूलो प्रवर्द्धन कार्यक्रम लोकप्रिय भएको छ। यसका लागि न्यूनतम ब्याजदरमा ऋण दिइएको छ। धुँवारहित चूलोले गृहिणीहरूको स्वास्थ्यमा सुधार आएको छ।

**व्यापार व्यवसायमा महिला सहभागिता बढाउने उद्देश्यले चालू आर्थिक वर्षभित्र सय जना उद्यमी महिला तयार पार्ने सहकारीको योजना छ। सहकारीले हालसम्म विभिन्न उद्यममा रु.२५ लाख लगानी गरिसकेको छ।**

यति मात्र होइन, सहकारीबाट सस्तोमा ऋण पाएपछि महिला उद्यमशीलता बढेको छ। केहीले कुखुरापालन गरेका छन् भने केहीले होमस्टे चलाएका छन् त केहीले किराना पसल संचालन गरेका छन्। व्यापार व्यवसायमा महिला सहभागिता बढाउने उद्देश्यले चालू आर्थिक वर्षभित्र सय जना उद्यमी महिला तयार पार्ने सहकारीको योजना छ। सहकारीले हालसम्म विभिन्न उद्यममा रु.२५ लाख लगानी गरिसकेको छ।

सहकारीले सफा ऊर्जाका लागि विद्यालय शिक्षा कार्यक्रम अघि बढाएको छ। जस अन्तर्गत स्थानीय पाठ्यक्रम तयार पारिएको छ। पाठ्यक्रम विकास केन्द्रसँगको आवश्यक सरसल्लाहमा तयार गरिएको स्थानीय पाठ्यक्रम नयाँ शैक्षिक सत्रदेखि लागू गर्ने तयारी भइरहेको सहकारीका संस्थापक अध्यक्ष घिमिरेले जानकारी गराए। 📖

*(सामाजिक तथा वातावरणीय परिवर्तन अध्ययन संस्था (आईसेट) नेपालको सहयोगमा)*